# रोजगार सेवा केन्द्रका सेवाहरू








स्थानीय तहमा श्रम, रोजगार र पुनः एकीकरणसँग सम्बन्धित सेवा प्रवाहमा प्रभावकारिता बढाउने उद्देश्यका साथ सञ्चालन भएको रोजगार सेवा केन्द्र (Employment Service Centres, ESC) ले बेरोजगार व्यक्तिहरूको तथ्याङ्क सङ्कलन, रोजगारीका अवसरहरूको पहिचान तथा सूचना प्रवाह, सुरक्षित आप्रवासनसम्बन्धी सूचना तथा जानकारी प्रवाह गर्ने, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई आर्थिक तथा सामाजिक पुनः एकीकरणसम्बन्धी रेफरल सेवा प्रवाह गर्ने, सीप विकास, उद्यमशीलता प्रवर्द्धन, लगायतका श्रम तथा रोजगार सम्बन्धित सेवा प्रवाह गर्ने प्रमुख भूमिका रहेको छ। ESCले गर्ने सेवालाई वर्गीकृत गर्दा मुख्य रूपले निम्न भूमिकालाई उल्लेखनीय रूपमा लिन सकिन्छ।

## रोजगारीसम्बन्धी सेवा

- आन्तरिक रोजगार तथा राष्ट्रिय रोजगार प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम सञ्चालन ।
- रोजगारी अवसरहरूको पहिचान, सूचना प्रवाह तथा रोजगार लिङ्केज (Job Linkage) ।
- रोजगारदाता र श्रमिकबिच समन्वय तथा जानकारी आदान-प्रदान ।
- सीप विकास तालिम, क्षमता विकास कार्यक्रमहरूको समन्वय र सञ्चालनसम्बन्धी रेफरल सेवा ।

## सुरक्षित आप्रवासनसम्बन्धी सेवा

- वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई सुरक्षित, व्यवस्थित र मर्यादित रोजगारीसम्बन्धी आवश्यक जानकारी र परामर्श प्रदान गर्ने ।
- श्रम स्वीकृति लिन सजिलो बनाउन आवश्यक सहजीकरण र सहयोग गर्ने ।
- वैदेशिक रोजगार बोर्डमार्फत उपलब्ध आर्थिक सहायता प्राप्त गर्न र वितरण गर्न आवश्यक सहजीकरण गर्ने ।
- वैदेशिक रोजगार क्रममा समस्यामा परेका नागरिकको खोजी, उद्धार र क्षतिपूर्ति प्राप्त गर्न आवश्यक कानूनी उपचारसम्बन्धी क्रियाकलाप समन्वय गर्ने ।

## पुनः एकीकरण (आर्थिक तथा सामाजिक)सम्बन्धी सेवा

- वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति र परिवारलाई परामर्श तथा जानकारी प्रदान ।
- पारिवारिक पुनर्मिलन, आप्रवासी श्रमिक सञ्जाल गठन तथा पुनर्गठन ।
- साथी समूह सहयोग (Peer Support) र सामाजिक घुलमिल तथा सामाजिक सुरक्षामा सहजीकरण ।
- मानसिक स्वास्थ्य, कानुनी सहायता तथा मनोसामाजिक परामर्श सम्बन्ध सेवा प्रवाह र रेफरल सेवा ।
- रोजगारी अवसर, तालिम तथा सीप प्रमाणीकरणसम्बन्धी जानकारी र रेफरल सेवा ।
- उद्यमशीलता विकास तथा व्यवसाय योजना निर्माणमा सहजीकरण ।
- वित्तीय सेवा (बचत, ऋण, बिमा, विप्रेषण व्यवस्थापन)मा सहजीकरण ।
- फर्किएका आप्रवासी समूह सञ्जाल, सहकारी तथा नेटवर्कको क्षमता विकासमा सहजीकरण ।

## तथ्याङ्क सङ्कलन तथा अभिलेख व्यवस्थापन

- स्थानीय श्रम बजारसम्बन्धी सूचना प्रणाली सञ्चालन तथा अद्यावधिक ।
- बेरोजगार व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा अभिलेख व्यवस्थापन ।
- श्रम संसार पोर्टलसम्बन्धी तथ्याङ्क सङ्कलन तथा अभिलेख व्यवस्थापन ।
- फर्किएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा अभिलेख व्यवस्थापन ।

## समन्वय, सहकार्य र सहजीकरण

- स्थानीय तहका रोजगारदाता, निजी क्षेत्र र तालिम दिने संघ-संस्थासँग सहकार्य ।
- प्रदेश सरकारका सम्बन्धित निकायसँग आवश्यक समन्वय ।
- बैंक, वित्तीय संस्था र गैरसरकारी संस्थाहरूसँग समन्वय तथा सहकार्य ।

यी सेवाका लागि स्थानीय तहको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिन्छ ।
नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रमाधान कल सेन्टर टोल फ्री (नि:शुल्क)नम्बर: ११४१
रोजगारी र तालिमका अवसरका लागि लग इन गर्नुहोस्: shramsansar.gov.np

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी
HELVETAS NEPAL
ReMi